# अस्पताल र संस्थाहरुमा सेवा र एन.ए सदस्य

धेरै एन.ए सदस्यहरुले अस्पतालहरु र संस्थाहरुमा सेवा आफ्नो व्यक्तिगत सुधारको महत्वपूर्ण भाग भएको पाए । हाम्रा सदस्यहरु जो सक्रिय रुपमा H&I को सेवामा सहभागी हुन्छन्, उनीहरु हाम्रो फेलोसिपको महत्वपूर्ण स्रोतहरु हुन् र एन.ए सेवाको बनावटमा संलग्न हुने र हामीलाई हाम्रो समाजको भागको रुपमा महसुस गराउने धेरै तरीकाहरु मध्ये H&I सेवाको प्रतिज्ञा पनि एक हो ।

हामीलाई थाहा छ कि सक्रिय दुर्व्यसनले जेल, संस्था र मृत्यु सम्म पुऱ्याउँछ । त्यस माथि पनि एन.ए.को प्राथमिक उद्धेश्य अझ सक्रिय दुर्व्यसनमा रहेकाहरु माझ सुधारको संदेश पुऱ्याउनु हो । यो आश्चर्यपूर्ण होइन कि अस्पतालहरु र संस्थाहरुमा एन.ए.को सुधारको सन्देश पुऱ्याउनु हाम्रो प्राथमिकताहरु मध्येको एक हो । एन.ए सदस्यहरुले विश्व भरि अस्पतालहरु र संस्थाहरुको समिति (H&I) स्थापना गरेर यो विश्वासलाई निरन्तर रुपमा समर्थन गरेका छन् ।

अझपनि केहि एन.ए सदस्यहरु H&I को सेवामा सामेल हुन हिच्कीचाईरहेका छन् किनकी उनीहरु कहिल्यै पनि जेल, पकाउ अथवा संस्थाहरुमा गएका छैनन् । हाम्रो व्यक्तिगत अनुभव र उचित तयारीको कारण हामी सबै जना हाम्रो सुधारको सन्देश पुऱ्याउन विशिष्ट तवरले योग्य छौं ।

यो पर्चा नार्कोटिक्स एनोनिमस H&I सेवाको विस्तृत जानकारीको साथै धेरै सदस्यहरुलाई यो सेवा गर्ने मौकाको फाईदा प्रोत्साहन गर्ने विषयमा लक्षित छ ।

## H&I मिटिङ्ग के हो?

H&I मिटिङ्गको उद्धेश्य नियमित रुपमा नार्कोटिक्स एनोनिमस मिटिङ्गको पहुँच नभएका दुर्व्यसनीहरु समक्ष सुधारको सन्देश पुऱ्याउनु हो । H&I मिटिङ्गहरु ती दुर्व्यसनीहरुको उपस्थितिमा एन.ए कार्यक्रमको आधारभूत तथ्यहरुको जानकारी गराउने बिषयमा लक्षित छ । सिवाय उनीहरुको जो लामो- समयको कारावासमा रहेका छन् ।

H&I मिटिङ्गको बारेमा स्पष्ट समझदारी बनाउनको लागि हाम्रो सेवाको बनावटको बारेमा बुझ्नु आवश्यक छ । H&I मिटिङ्ग प्राय जसो क्षेत्रिय सेवा समिति (ए.एस.सी) को H&I उप-समिति ( H&I कमिटि) ले उपलब्ध गर्ने एउटा सेवा हो । यी मिटिङ्गहरु अस्पतालहरुमा, उपचार केन्द्रहरुमा, सुधार गृहहरुमा र किशोरावश्थाका व्यक्तिहरुसंग सम्बन्धित संस्थाहरुमा सञ्चालन हुन्छ । एउटा एन.ए समूहद्धारा नभईकन, यो महत्वपूर्ण छ कि H&I मिटिङ्ग जहिले पनि H&I कमिटिको निर्देशनमा सञ्चालित हुनु पर्दछ ।

## म कसरी संलग्न हुने?

क्षेत्रिय H&I उप-समितिको योजना बनाउने र आयोजना गर्ने काम केन्द्रको हो । यो संलग्न हुन शुरुवात गर्ने नमूना स्थल हो । सबैभन्दा पहिला गर्नुपर्ने काम क्षेत्रिय H&I उप-समिति मिटिङ्गमा प्रस्तुत हुने र नयाँ तथा ईच्छुक सदस्यहरुको लागि हुने जानकारीमूलक तालिममा सहभागी हुने । यी जानकारीमूलक मिटिङ्गहरुले सदस्यहरुलाई जानकारी मात्र नभई H&I मा सेवा दिन आवश्यक नशा रहित स्वच्छ समयसँग परिचित हुन मद्धत गर्दछन् । यी मिटिङ्गहरुमा ती ठाँउहरुबाट हाम्रो सन्देश पुर्‍याउन सदस्यहरुको चयन गर्ने काम हुन्छ । प्राय गरी अर्को कदम H&I मिटिङ्गमा एउटा अवलोकनकर्ताको रुपमा सहभागी हुनु हो । यस्तो प्रक्रियाबाट सदस्यहरुले H&I मिटिङ्गको आधारभूत जानकारी प्राप्त गर्दछन् र त्यसपछि संलग्न हुने स्तरमा निर्णय गर्दछन् ।

## म किन संलग्न हुने ?

H&I सेवाले दुर्व्यसनीहरुलाई कृतज्ञता ज्ञापन गर्ने जिम्मेवारी पूरा गर्ने र कुनै आकांक्षा बिना एन.ए.को सन्देश बाँड्ने मौका प्रदान गर्दछ । यो एउटा प्रभावकारी साधन पनि हो जसले हामीलाई  नशारहित रहन मद्धत गर्दछ र हामीलाई एन.ए. कार्यक्रमा निरन्तर आउन मद्धत गर्दछ । H&I को सन्देश एन.ए.को सन्देश जस्तै नै हो : “एउटा दुर्व्यसनी, कोही पनि दुर्व्यसनीले नशा बन्द गर्न सक्छ, सेवन गर्ने ईच्छा हटाउन सक्छ, र जीवन जीउने नयाँ तरीका पाउन सक्छ” * । नार्कोटिक्स एनोनिमसको कार्यक्रमको माध्यमबाट आशा र सक्रिय दुर्व्यसनबाट स्वतन्त्रता हामीले बाँड्ने उपहार हो । कोही पनि एन.ए सदस्य जो यो सन्देश बोक्न चाहन्छ H&I सेवामा संलग्न हुनको लागि प्रोत्साहित गरिन्छ । नार्कोटिक्स एनोनिमसमा सेवा गर्ने धेरै तरीकाहरु छन् र हामी मध्ये धेरैले H&I सेवा हाम्रो सुधारको अत्यन्त सन्तोषजनक भाग भएको पायौं । हामी आशा गर्दछौं कि यो पर्चाले तपाईंलाई H&I सेवामा संलग्न हुन यी उपहारहरु आफ्नो लागि अनुभव गर्न प्रोत्साहित गर्नेछ ।

* बेसिक टेक्स्ट पाना नं.६५